# कृषक समूह गठन तथा परिचालन कार्यबिधि २०७५
## (संसोधन २०७६)

कावासोती नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

शिवमन्दिर नवलपरासी

२०७६

## कृषक समूह गठन तथा परिचालन कार्यबिधि २०७५ (संसोधन २०७६)

**प्रस्ताबना**

कावासोती नगरपालिका भित्र रहेका कृषकहरुले अबलम्वन गरेका वर्तमान कृषि प्रणालीलाई विकसित गरी वैज्ञानिक प्रविधिको अवलम्बन गर्दै कृषि पेशालाई विविधिकरण, व्यवसायीकरण मार्फत औद्योगिकरणको निमित्त कृषकहरुलाई नयाँ प्रविधि तर्फ आकर्षित गर्न, उत्प्रेरित गर्न, सो को अभ्यास गराउदै त्यस्ता प्रविधिको अवलम्बन गर्ने गराउने उद्देश्य अनुरुप प्रविधिलाई सरल र सहजरुपमा कृषकमाझ पुर्याउन कृषकहरुको वैयक्तिक तथा संस्थागत विकासका लागि कृषक समूह गठन र परिचालन गर्न वाञ्छनीय भएकाले,

कावासोती नगरपालिका प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७५ बमोजिम कावासोती नगरकार्यपालिकाले यो कार्यविधि निमार्ण गरि लागु गरेको छ।

### परिच्छेद - १
### प्रारम्भिक

**१) संक्षिप्त नाम र प्रारम्भः**

क. यस कार्यबिधिको नाम कृषक समूह गठन तथा परिचालन कार्यबिधि २०७५ संसोधन २०७६ रहेको छ।

ख. यो कार्यबिधि कावासोती नगरपालीका नगरकार्यपालिकाबाट स्विकृत भएपछि लागु हुनेछ।

**२) परिभाषाः** विषय र प्रसँगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क. “समूह ” भन्नाले कुनै निर्धारीत उदेश्य प्राप्ती गर्न दुई वा दुई भन्दा बढी सामाजिक तथा मनोबैज्ञानिक रुपले अन्तरआश्रीत व्यक्ति हरु मिली बनेको मानिसहरुको भेला वा जमात नै समूह हो भन्न सकिन्छ।

स= समन्वय र सदभावको माध्यम

मू= मुख्य समस्या संग मुकाबला गरी

ह= हल खोज्ने संस्था हो।

ख. “कृषक” भन्नाले कृषि उत्पादनमा प्रत्यक्ष संग्लन भएको व्यक्तीलाई जनाउदछ।

ग. “कृषक समूह भन्नाले” कृषि पेशामा संग्लग्न भई मिल्दाजुल्दा समस्या र आवाश्यकता र चाहाना भएका न्यूनतम १५ वा बढीमा २५ जना सम्झनु पर्दछ।

घ. “कृषि” भन्नाले बाली, बागवानी, पशुपन्छी, मत्स्य आदी कृषिका सबै उप क्षेत्र सँग सम्बन्ध उत्पादन उधोग एबंम व्यबसायलाई सम्झनु पर्दछ।

ङ. ‘‘कार्य समिती’’ भन्नाले निर्देशिका अनुसार  निर्बाचित अध्यक्ष ,उपाध्यक्ष, सचिब, कोषाध्यक्ष तथा अन्य सदस्य पदाधिकारी लाई सम्झनु पर्दछ।

च. ‘‘नगरपालीका’’ भन्नाले कावासोती नगरपालीका लाई संम्झनु पर्दछ।

छ. ‘‘लेखा ’’ भन्नाले प्रचलित कानुन बमोजिम कारोबार यथार्थ बिबरण देखीने गरी राखीने अभिलेख, खाता, किताब आदी र सो कारोबारलाई प्रमाणीत गर्ने कागजात समेतलाई जनाउँदछ।

ज. ‘‘वडा ’’ भन्नाले कावासोती नगरपालीकाको वडा संम्झनु पर्दछ।

झ. ‘‘समूह बिधान’’ भन्नाले समुहको उदेश्य प्राप्तीका लागी कृयाकलाप संचालन गर्न बनाईएको नियमलाई संम्झनु पर्दछ।

ञ. ‘‘हितकोष ’’ भन्नाले  कुनैपनि नगद जिन्सी तथा भौतीक सर सामान नगद मौज्दात ऋण लगानी, लगानीको रुपमा रहेको समूहको नगद पुजीँलाई हितकोष जनाउदछ।

ट. ‘‘प्रमुख प्रशासकीय अधिकृत’’ भन्नाले कावासोती नगरपालीकाको प्रमुख प्रशासकीय अधिकृत लाई सम्झनु पर्दछ।

ठ. ‘‘शाखा प्रमुख’’ भन्नाले कावासोती नगरपालिका को कुषि/पशु सेवा उपशाखाको प्रमुखलाई सम्झनु पर्दछ।

## परिच्छेद - २
## कृषक समूहको उदेश्य, गुण र किसिम

**३. उदेश्यहरु**

क) समूह सदस्यहरुको बसोबास रहेको भौगोलिक गाउँ टोल क्षेत्रको जलवायु सुहाउदो पशुपालन तथा कृषि वालीनालीहरुमा ब्यवसायीकरण र विविधिकरणका नयाँ प्रविधि अपनाउदै उत्पादन र उत्पादकत्वमा बृद्धि गर्ने।

ख) समूहमा उन्नत वीउ विजन तथा रासायनिक मल लगायत कृषि तथा पशुपन्छी उत्पादन सामग्रीहरुको व्यवस्थापन गर्ने।

ग) खेतीयोग्य जमिनमा सिंचाइको व्यवस्थापन गर्ने।

घ) प्राङ्गगारिक उत्पादनमा जोड दिने।

ङ) कृषि सामग्री तथा कृषि उपजहरुको बजारीकरणका कार्यहरु गर्ने।

च) कृषि उत्पादन प्रवर्द्धन, प्रशोधन र बजारीकरण एवं पशु प्रजननका कार्यहरु, पशुआहारा, पशुस्वास्थ्य र पशु तथा पशुपन्छी बजारीकरण, पशु सेवा प्रविधिको प्रचार प्रसारका कार्यहरु गर्ने

छ) गोठ तथा भकारो सुधार गर्ने।

ज) मौरी पालन तथा च्याउ खेती गर्ने।

झ) बेमौसमी तथा मौसमी तरकारीहरुको उत्पादन र बजारीकरण गर्ने ।

ञ) नयाँ प्रविधिहरुको परीक्षण गर्ने।

ट) सरकारी तथा गैरसरकारी एवं समुदायमा आधारित निकायहरुसँगको साझेदारी र सहकार्यमा कृषि÷पशु विकास सम्बन्धि विभिन्न कार्यक्रमहरु सञ्चालन गर्ने ।

ठ) जैविक विविधताको संरक्षण, सम्बर्द्धन र विकास गर्ने ।

ड) कृषि वन वातावरण सरक्षण सम्बर्धन र विकासका सबै कार्यक्रमहरु सञ्चालन गर्ने।

ढ) मासिक बचत र परिचालन गर्ने ।

ण) समूहले तोके बमोजिमका कृषि विकास सम्बन्धी अन्य विविध कार्यहरु गर्ने ।

## ४. समुहको आवश्यकता र फाईदा

सामुहिक रुपमा काम गर्ने परस्पर हामि कहाँ नयाँ होईन । पहिला देखिनै गाँउ घरमा सामाजिक कार्यहरु सबै जनाको सहमति र मिलोमतोमा गर्ने परम्परा अहिले पनि रहि आएको छ । समुहगत रुपमा कामगर्दा जनसहभागिता बढ्ने कृषकहरु बिच सहयोग र मेल मिलापको भाबना अघि बढ्ने,अप्ठेरो काम सजिलै सगँ गर्न सकिने कुनै नयाँ प्रबिधि छिटै प्रशारण हुने, कृषक हरुको जोखीम बहन गर्ने क्षमता बृद्दि हुने, आत्मनिर्भरता हुने, नेतृत्व विकाश हुने र आफ्नो समस्या आफै समाधान गर्न सकिने हुन्छ । बिकासका लागि साझा भाबना सोच र पहलको बिकास गर्न सकिन्छ । यस बाट सदस्यहरु बीच सामुहिक सद्रभावको बिकाशहुने अन्य निकायसगँ सम्बन्ध बढ्ने र आफ्नो लागि आफै एकजुट भई कार्य गर्दा दिगो बिकास हुन्छ । एक्लै गर्न नसकिने काम एकजुट भएर सामुहिक रुपमा गर्दा सजिलै गर्न सकिन्छ ।

## ५. सफल कृषक समूहका गुणहरु

समूह सक्रिय वा सफल छ छैन् भनि निर्धारण गर्ने केहि सुचकहरु यस प्रकारका छन् ।

- नियमित रुपले बैठक बस्ने ।
- समूहको क्रियाकलापको व्यबस्थित रेकर्ड राख्ने गरेको
- हितकोष रकमको प्रभाबकारी परीचालन भईरहेको ।
- समूहमा कृषकहरुको सकृयता बढेको तथा क्षमता अभिबृद्वी भईरहेको ।
- प्रभाबकारी कृषि योजना  तर्जूमा तथा कार्यक्रम कार्यन्वयन भईरहेको
- एक आपसमा समजदारी भई रहेको ।
- लैगिक समानता प्रति संबेदनशील निर्णायक पदमा महिलाको भुमिका बृद्दि भएको ।
- अन्य निकाय संगको सम्पर्क र समन्वय भईरहेको ।
- समूह पारदर्शिता कायम रहेको ।

- समूहमा बाहिरबाट प्रबेश गर्न खोज्ने कृषकको संख्या वृद्धि भएको ।
- समूह व्यबस्थापन र समायोजनको हिसाबले १५–२५ जना को समूह उपयूक्त हुन्छ तर यतिनै सदस्य हुनुपर्दछ भन्ने केहि छैन् ।

**६. समूहको किसिम**

समूह सदस्य हरुको वनाबटको आधारमा उत्पत्तिको आधारमा तथा समूहहरुले निश्चित गरेको उदेश्यको आधारमा कृषक समूहलाई बिभिन्न समूहहरुमा बर्गीकरण गर्न सकिन्छ ।

६.१ सहभागिताको आधारमा

१. महिला कृषक समूह

२. पूरुष कृषक समूह

३. मिश्रीत कृषक समूह

६.२ कामको प्रकृतिको(क्षेत्रगत) आधारमा

१. बाली समूह

२. वागबानि कृषक समूह (फलफुल,तरकारी )

३. बीज बृद्धि कृषक समूह

४. माउरी पालन कृषक समूह

५. माछा पालन ”

६. रेशम खेति ”

७. कृषि बजार समूह

८. आई.पी.एम. कृषक समूह

९. गाईभैसी पालन समूह

१०. भेडा बाख्रापालन समूह

११. बंगुरपालन समूह

१२. कुखुरापालन समूह

१३. घाँसेबाली तथा बिउ उत्पादन समूह

६.३ उत्पतिको आधारमा

१. प्राकृतिक वा स्वतफूर्त कृषक समूह

२. उत्प्रेरित कृषक समूह

६.४ मुल्य ऋङखलाको आधारमा

१.कृषि सामाग्री उत्पादन समूह(बिउ उत्पादक, प्रागारीक मल उत्पादक आदी)

२. उत्पादन समूह

३. प्रशोधन समूह

४. बजारीकरण समूह

स्वतफूर्त समूह अन्त्रतरगत परम्परा देखी चलि आएका गुठी ,बाध, संचालनका लागि बनेका समुहहरु हुन । उत्प्रेरित समूहअन्तरगत विकाशका बिभिन्न कार्यक्रमलाई लक्षीत गरी बनाएका समूहहरु जस्तैःतरकारी, गाईभैसी, भेडाबाख्रा, बंगुर, कुखुरा, माछा ,बिउ बिजन, दलहन, तेलहन,महिला कृषक समूह आदि हुन् ।

□ बंगुरपालन समूह दर्ता गर्दा पशु सेवा उपशाखाका प्राविधिकले स्थलगत अनुगमनको प्रतिवेदन पछि समूह दर्ता गरिनेछ ।

## परिच्छेद - ३
## कार्य समितीको गठन

### ७. कार्य समितीको गठन

१. कृषक समुहकमा सात सदस्यिय देहाय बमोजीमको कार्य समिती रहने छ ।

| | |
|---|---|
| अध्यक्ष | १ जना |
| उपाध्यक्ष | १ जना |
| सचिब | १ जना |
| कोषाध्यक्ष | १ जना |
| सदस्य | ३ जना |

२. मिश्रीत कृषक समूहको हकमा कार्य समितीको पदाधिकारी अध्यक्ष, उपाध्यक्ष, सचिब र कोषाध्यक्ष मध्ये एक जना सदस्य महिला हुनुपर्दछ।

३. उप समिती गठन गर्न सकिने

क. समूहले निश्चीत व्यक्तीहरुलाई संयोजक तोकेर ऋण उपसमिती, आर्थीक उपसमिती, प्राबिधिक उपसमिती लगाएत आवश्यक अनुसारका अन्य उप समितीहरु गठन गरी जिम्मेबारी प्रदान गर्न सक्नेछ।

ख. कोषाध्यक्ष संयोजकत्वमा ऋण उप समिती गठन गर्नु पर्दछ।

ग. मिश्रीत समूहको हकमा कार्य समितीमा कम्तीमा ३५ प्रतिशत महिला प्रतिनिधित्व सुनिश्चीत गराउनु पर्नेछ।

४. पदाधिकारीको काम, कर्तव्य र अधिकारः कृषक समूहको कार्य समितिका पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार समुहको बिधान बमोजिम हुनेछ।

## परिच्छेद - ४
## समूहको विधान

### ८. समूहको बिधान

बिधान भन्नाले कुनै संघ÷संस्था को उदेश्य प्राप्तिका लागि कृयाकलाप गर्न बनाईएको निती नियम कानुनको दस्ताबेज हो जसले समूह र सदस्यहरुलाई उदेश्य प्राप्तीमा सहज गराउने कार्य गर्दछ बिधिबत कानुनी हिसाबले दर्ता हुनका लागि समूहहरुको लिखीत बिधान हुनुपर्छ।

९.१ बिधान कस्तो हुनुपर्दछ।

– नेपालको कानुन र संबिधान सगँ नबाझीने।

– कृषिनीति सगँ मेल खाने।

– सफा,स्पष्ट एक आपसमा नबाझीने सरल भाषा प्रयोग भएको।

– प्रजातान्त्रिक ढंगले चुनाबि प्रकृया द्वारा निर्बाचित हुने प्राबाधान राखिएको ।

– बिधान संशोधन को प्राबधान भएको।

– महिला सहभागिता लाई प्रोत्साहन गरिएको।

९.२ बिधान संसोधन

नियम कानुन एकपटक बनाउदैमा सदाका लागि उपयुक्त हुदैनन्। समय बित्दै जादाँ आवाश्यकता अनुसार यसलाई परिमार्जन गर्दै लग्नु पर्दछ। यसका लागि

– बिधान संम्सोधन उपसमिती गठन गर्ने।

– संशोधित बिधान लाई कार्य समिती बाट पास गराउने ,

– साधारण सभाको कम्तीमा निश्चित संख्या (दुई तिहाइ वा तीन चौथाई) बहुमत द्वारा पारीत गर्ने,

– संशोधित बिधानलाई न.पा को सम्वन्धित शाखा/उपशाखामा पेश गर्ने,

– संशोधन बिधान लाई स्विकृत गरेपछि मात्र बिधान संशोधन भएको मानिनेछ।

## परिच्छेद - ५

## समूह दर्ता र नविकरण

**१०. समूह दर्ता प्रकृया**

समूह ३ पटक बैठक बसेको निर्णय प्रतिलिपि

संम्बन्धित वडा कार्यालयको सिफारीस पत्र

समूह बिधान र पारीत गरेको बिधान २ प्रति

समूह दर्ता र समूह सुचिकृत फारमको ढाँचाको निबेदन अनुसुची ३ बमोजिम

१०.१ समूह दर्ता प्रकृया

१. पहिलो बैठक (भेला) बाट गर्ने कार्य

प्रस्ताब नं. १ - समूहको नामाकरण सम्बन्धमा।

प्रस्ताब नं. २- समूहको पदाधिकारी चयन सम्बन्धमा ।

प्रस्ताब नं. ३- समूहको मासीक बैठक सम्बन्धमा।

प्रस्ताब नं. ४- समूहको हितकोषको सम्बन्धमा ।

” ५- बिधान लेखन सम्बन्धमा।

” ६- समूहको उदेश्य (कुन उदेश्यको लागी गठन गर्ने हो )

२. दोस्रो बैठक बाट गर्ने कार्य

प्रस्ताब नं. १- उदेश्य संग सम्वन्धित निर्णयहरु

३. तेस्रो बैठक बाट गर्ने कार्य

प्रस्ताब नं. १- बिधान पारीत सम्बन्धमा ।

" २- समूह दर्ता गर्ने सम्बन्धमा ।

" ३- उदेश्य सगँ सम्बन्धित निर्णय गर्ने)

नोटः समूहको बिधान २ प्रति तयार गरी कावासोती नगरपालीका को कृषि/ पशुपन्छी शाखामा २ प्रति र १ प्रति सम्बन्धित कृषक समूहको लागि रहने छ ।

- सम्बन्धित वडाको सिफारीस र भएपछिमात्र समूह दर्ता प्रकृयामा जानेछ । दर्ता भएका समुहलाई अनुसुची ४ बमोजिमको प्रमाणपत्र दिईने छ ।
- आबश्यक प्रक्रिया पुगेका समूहहरुलाई अनुसुची १ बमोजिम नगरपालिकाको दर्ता किताबमा लेखिनेछ ।
- साविक जिल्ला पशु सेवा कार्यालय वा जिल्ला कृषि विकास कार्यालयमा दर्ता भएका समूहहरुले यो कार्यविधि जारी भएको ३ महिना भित्र नगरपालिका बाट नयाँ प्रमाणपत्र लिनु पर्नेछ । यदि तिन महिना भित्र नयाँ प्रमाणपत्र नलिएमा विलम्ब शुल्क रु ५०० लाग्नेछ ।
- नागरीकताको हकमा – अध्यक्ष ,उपाध्यक्ष ,सचिब , कोषाध्यक्षको नागरीकताको प्रतिलिपि १÷१ प्रति निबेदनको ढाँचामा समूहदर्ता वा सुचिकृत फारम भरी रु १० को टिकट साथ पेश गर्नु पर्दछ ।

**११. नवीकरणको व्यबस्था**

- दर्ता भएका सबै समूहलाई २ बर्षको समयाबधि कायम हुनेछ ।
- २ बर्ष को अबधि समाप्त भए पछि समूह लाई पून नबिकरण गर्नु पर्नेछ ।
- नबिकरण गर्दा समाप्त भएको ३५ दिन काटेमा रु ५०० को दरले बार्षीक जरीवाना लाग्नेछ ।

११.१ समूह नबिकरण को लागि आवाश्यक प्रकृया

- समूह दर्ता प्रमाणपत्र र त्यसको प्रतिलिपी
- समूह नबिकरण गर्ने समुहको निर्णय प्रतिलिपि

– समूह नविकरणको ढाँचाको निबेदन फारम

– सम्बन्धित वडा कार्यलयको सिफारिस पत्र।

**परिच्छेद - ६**

**समूह सन्चालन**

**१२. समूहले संचालन गर्ने कृयाकलाप**

प्रत्येक महिनाको एक पटक अनिवार्य समुहको बैठक बस्ने।

– समुहको हितकोष व्यबस्थापन अनिवार्य गर्नु पर्ने यसमा सरकारी स्तरबाट प्राप्त रकम थप गर्न सकिने।

– नयाँ/नयाँ प्रबिधिको प्रयोगद्वारा उत्पादन र उत्पादकत्व बृद्विमा जोड दिने बिधिहरु अपनाउनु पर्ने।

– नगरपालिकाको योजना सँग मेल खाने गरी बार्षिक योजना बनाउने।

– प्रत्येक आर्थिक वर्षको शुरुवातमा आफ्नो वार्षिक कार्य योजना वनाएर वडामा पेश गर्ने।

**परिच्छेद - ७**

**अनुगमन र मुल्याङ्कन**

**१३. अनुगमन र मुल्याङ्कन**

नगरपालिकाले देहाय बमोजिम अनुगमन गर्न सक्नेछ।

समुहगत अनुगमन

कार्यगत अनुगमन

व्यबस्थापकिय अनगमन

- अनुगमन र मुल्याङ्कन गर्दा तोकिएको मापदण्ड पालना नगरीएको वा सक्रिय नरहेको पाईएमा पहिलो पटक सचेत गराउने, दोस्रो पटक निलम्बनमा राख्ने, तेस्रो पटक खारेज गर्ने।
- नगरपालिकाले समूहमार्फत अनुदानका सामाग्री प्रतिस्पर्धात्मक ढंगबाट नदोहोरीने किसिमले अनुदान उपलव्ध गराउन सकिने।
- नगरपालिकाले समूहमार्फत योजना कार्यन्वयन गर्न सक्ने।
- समूहबाहेक कृषि क्षेत्रका कार्यक्रम तथा अनुदान संचालन एवं सिफारिस नगरिने।

- उस्तै उस्तै उदेश्य भएका नजिकैको २ वा २ भन्दा बढी समूह मिलि कार्यक्रम संचालन गर्न सकिने ।
- अनुदानका सामाग्रीहरु समन्वयायिक ढंगबाट उपलव्ध गराउन सकिने ।
- कार्य संचालन वा संम्झौता गर्नु भन्दा अधि नगरपालीकाको प्रतिनिधिले अनुगमन गर्दा व्यबस्थापीय त्रुटी वा निश्क्रियता पाईएमा कार्यक्रम रद्व समेत गर्न सकिने छ ।

**परिच्छेद - ८**

**लेखा परिक्षण**

**१४. लेखा परिक्षण**

समूहले वार्षिक रुपमा नियमानुसार लेखा परीक्षण गराउनु पर्नेछ । लेखा परीक्षण प्रतिबेदनको एक प्रति कृषि/ पशु सेवा शाखामा समेत उपलब्ध गराउनु पर्नेछ । त्यस्तै बर्षको एक पटक सार्बजनिक सुनुवाई पनि सञ्चालन गर्नु पर्नेछ ।

**परिच्छेद ७**

**विविध**

**१५. समूह निष्कृयको अवस्था**

लगातार ३ महिनासम्म मासिक बैठक नबसेमा, समूहले कृषि प्रसार कार्यमा अभिरुचि नराखेमा, अन्य विभिन्न कारणहरुले सम”हनिष्कृय भएको गुनासो प्रमाणित भएमा समूह निष्कृय भएको मानिनेछ । यस्तो अवस्थामा कार्यालयबाट सञ्चालन हुने कृषि विकास कार्यक्रमहरुको लागि उक्त समूहसँग साझेदारी गर्न सकिने छैन ।

**१६. समूह विघटन हुन सक्ने**

पटक पटक समूहको विधान विपरीत कार्य गरेको प्रमाणित भएमा, सरकारी जायजेथा वा रकम हिनामिना वा दूरुपयोग गरेमा, समूह निष्कृय भएमा, समूहको निर्णय अनुसार समूह विघटन गरिएमा, प्रचलित नियम विपरीतका कार्यहरु गरेमा स्थानीय टोल विकास संस्था समेत वडा कार्यालयको सिफारिसमा कार्यालयबाट छानविन गरी समूह विघटन गर्न उचित देखिएमा विघटन गरिनेछ । तर समुहमा सदस्यहरुबाट जम्मा भएको बचत रकम समूहको अभिलेखको आधारमा साँवा ब्याज वितरण गरिने छ ।

**१७. संशोधनः** आवश्यकता र औचित्यताको आधारमा नगर कार्यपालिकाको निर्णय अनुसार यो कार्यविधि संशोधन गर्न सकिने छ ।

**१८. खारेजीः** यस कार्यविधिमा उल्लेखित कुराहरु प्रचलित कानून बमोजिम बाँझिएमा बाझिएको हदसम्म स्वतः खारेज हुने छन ।

# अनुसुची १

## कावासोती नगरपालिकाको कृषक समूहहरुको दर्ता बिवरण

| सि.न. | समूह दर्ता नम्बर | कृषक समुहको | | समूह गठन मिति | समुहको मुख्य उदेश्य | समूह सदस्यहरुको बिवरण | | | | | | | | | कुल जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | दलित | | | जनजाति | | | अन्य | | | | | |
| | | नाम | ठेगाना | | | म | पु | जम्मा | म | पु | जम्मा | म | पु | जम्मा | म | पु | जम्मा |
| | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | |

| समूहको अध्यक्ष को नाम र संम्पर्क नं. | हितकोष रकम | | बैठक बस्ने मिति | प्रमाण पत्र बुझ्नेको सहि | प्रमाणित गर्नेको सहि | कैफीयत |
|---|---|---|---|---|---|---|
| | हाल सम्म रु हजारमा | प्रति व्यक्ती,प्रति महिना रु हजारमा | | | | |
| | | | | | | |

**अनुसुची २ कृषक समूह नबिकरण बिबरण (रजिस्टरमा)** **आ.ब.**

| सि.नं. | समूह दर्ता नं. | कृषक समुहको नाम | ठेगाना | नबिकरण गरेको मिति | म्याद पुग्ने मिती | जम्मा सदस्य सं. | सामाजिक अवस्था | | | | | | समुहको उदेश्य | समुहको अध्यक्षको नाम | सम्पर्क नं. | नबीकरण गर्न कर्मचारीको नाम | सहि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | दलित | | जनजाति | | अन्य | | | | | | |
| | | | | | | | म | पु | म | पु | म | पु | | | | | |
| | | | | | | | | | | | | | | | | | |

## अनुसुची ३ समूह सूचिकृत गर्दा भर्नु पर्ने अनुरोध फारम

श्रीमान कार्यालय प्रमुख ज्य                                                                 मिति..........................

कावासोती न.पा कार्यालय

नवलपरासी (वर्दघाट-सुस्ता पूर्व)

विषय :- समूह सूचिकृत गराई पाऊँ ।

महोदय,

प्रस्तुत  विवारण देहाय बमोजिमको विवरण तथा कागजात संलग्न गरी हाम्रो समूहलाई सुचिकृत गरी दिनु हुन हुन अनुरोध गर्दछु ।

१) समूहको नाम :-                                                                 २) ठेगाना :-

३) समूह गठनको मूख्य उदेश्य                    वाली/बिउ/तरकारी/फूलफुल/माछा/केरा/बहुउद्देश्यीय.....................

५) समूहको हितकोषमा जम्मा भएको रकम रु.६) समूहको मासिक  हितकोषमा जम्मा भएको रकम रु.

७)प्रति व्याक्ति प्रति महिना हितकोष रकम रु.

८) नियमित समूह बैठक बस्ने          मितिः-                    स्थानः-                    समयः-

९) समूहको बालि योजना

१०) समूहको बालीगत विवरण

| विवरण | महिला | पुस्ष | जम्मा |
|---|---|---|---|
| दलित | | | |
| जनजाति | | | |
| अन्य जाती | | | |
| जम्मा | | | |

११ समूहको शैक्षिक विवरण

| विवरण | महिला | पुरुष | जम्मा |
|---|---|---|---|
| साधारण लेखपढ | | | |
| एस.एल.सी | | | |
| आई ए | | | |
| वि.ए वा सो भन्दा माथी | | | |
| जम्मा | | | |

१२ व्यवसायिक खेती विवरण

| व्यवसायिक खेती विवरण | क्षेत्रफल हे. | उत्पादन मे. टनमा | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |

१३) जग्गा सम्वन्धि विवरण

| विवरण | ५ कठ्ठा सम्म | ५-१०कठ्ठा सम्म | १०-२० कठ्ठा सम्म | २० कठ्ठा सम्म |
|---|---|---|---|---|
| कृषक संख्या | | | | |

१४ माथि उल्लेखित व्यहोरा ठीक साँचो हो भनी सही गर्ने :-

| नाम | पद | ठेगाना | फोन नं. | हस्ताक्षर |
|---|---|---|---|---|
| | अध्यक्ष | | | |
| | कोषाध्यक्ष | | | |
| | सचिव | | | |

समूह सूचीकृत गर्दा पेश गर्नु पर्ने समूह सदस्यहरुको विवरण

| क.स | समूह सदस्यको नाम | ठेगाना | उमेर | शैक्षिक योग्यता | जम्मा जग्गा कठ्ठ | व्यवसाहिक खेती विवरण | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | जाति | | जाति | | जाति | |
| | | | | | | नाम | क्षेत्रफल | नाम | क्षेत्रफल | नाम | क्षेत्रफल |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

समूह अध्यक्षको नामः- ठेगानाः- दस्तखतः-

समूह सचिवको नामः- ठेगानाः- दस्तखतः-

**अनुसुची ४**

**कृषक समूह दर्ता प्रमाण-पत्र**

## कावासोती नगरपालिका

## नगरकार्यपालिकाको कार्यालय

## शिवमन्दिर, नवलपरासी ( वर्दघाट-सुस्ता पूर्व)

दर्ता नं.

समूह पद्धतिलाई सुव्यवस्थित गर्दे कृषि प्रसार कार्यलाई टेवा पुऱ्याउने उद्देश्यले यस कावासोती नगरपालिका वडा नं. ......................मा मिति .................................. मा गठित श्री ..................................................समूहलाई यस नगरपालिकाको अभिलेखमा दर्ता गरी यो प्रमाणपत्र प्रदान गरिएको छ ।

मितिः-

| | |
|---|---|
| .................................... | ................................. |
| शाखा प्रमुख | प्रमुख प्रशासकिय अधिकृत |
| कृषि/पशु सेवा उपशाखा | |

# नविकरण सम्वन्धि विवरण

| नविकरण गरेको मिति | म्याद पुग्ने मिति | नविकरण गर्ने अधिकृतको दस्तखत | कार्यालयको छाप | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |